## ४७ औं कार्यपालिका निर्णयहरु (मिति २०८१।१०।२९)

प्रस्ताव नं.१.वडा विभाजनको अपुग कागजात तयार गर्न समिति गठन सम्बन्धमा।

निर्णय नं.१ प्रस्ताव नं.१ माथी छलफल गर्दा यस नगरपालिकाको वडा नं.१ विभाजन गरि वडा विस्तार गर्ने प्रयोजनका लागी मिति २०८०।१२।०३ मा बसेको नगरसभा अधिवेशनको निर्णय अनुसार प्रस्तावित वडा विभाजनमा आवश्यक पर्ने कागजात तयार गर्न तपसिल बमोजिमका पदाधिकारी सम्मिलित अपुग कागजात तयारी समिति गठन गर्ने निर्णय गरियो ।

तपसिल

१.संयोजक श्री मोहन वि.क.- वडा अध्यक्ष वडा नं.१
२.सदस्य श्री नरेश अवस्थी - शाखा अधिकृत, शिक्षा शाखा
३.सदस्य श्री कैलाशपति पन्त- सर्वेक्षक, नापी ईकाइ
४.सदस्य श्री यमन सेट्ठी- स्थानीय शासन सवलीकरण कार्यक्रम
५.सदस्य सचिव श्री देवी प्रसाद आचार्य, प्रशासकीय अधिकृत

प्रस्ताव नं.२ योजनाको म्याद थप सम्बन्धमा।

प्रस्ताव नं.२ माथि छलफल गर्दा टीकापुर नगरपालिकाबाट संचालित तपसिल आयोजना तथा कार्यक्रमहरुको देहाय बमोजिम म्याद थप गरी कार्यान्वयन गर्ने निर्णय गरियो।

| क.स. | आयोजना तथा कार्यकमको नाम | ठेका नं | समय अवधि | म्याद थप गर्नु पर्ने समय अवधि | म्याद थपको कारण |
|---|---|---|---|---|---|
| १ | बहुघर घर निर्माण,टीकापुर नगरपालिका वडा नं. ०३ | TMO/NCB/40/BUILD/2080/081 | २०८१।१०।३० | २०८२।०३।१५ | जग्गा विवादको कारण म्याद थप गर्नु पर्ने |
| २ | Supply, Delivery, Installation, Testing and Commissioning of smart Light in Tikapur Municipality, Tikapur Kailali | TMO/NCB/41/WORKS/2080/081 | २०८१।०९।२९ | २०८१।१२।१५ | Light Testing मा समय लागेकोले |
| ३ | कार्यालयलाई आवश्यक डेक्सटप,ल्यापटप, लेजर प्रिन्टर, कलर प्रिन्टर ,एयर कन्डिसनर,स्क्यानर प्रिन्टर | TMO/SQ/GOODS/29/2081/082 | २०८१।१०।१३ | २०८१।११।२९ | Specification बमोजिम सामान नआएकोले |

प्रस्ताव नं.३ गौशालामा रहेको गोबरग्यास प्लान्टको जिम्मेवारी दिने सम्बन्धमा।

निर्णय नं.३ प्रस्ताव नं ३ माथी छलफल गर्दा टीकापुर नगरपालिका वडा नं.५ स्थित गौशालामा रहेको गोबरग्यास प्लान्टवाट उत्पादन हुने गोबरग्यासको व्यवस्थित रुपमा सञ्चालनका लागि कार्यविधि तयार गर्ने र कार्यविधिमा भएको व्यवस्था अनुरुप गोबरग्यास प्लान्टवाट ग्यास उत्पादन, ग्यास वितरण लगायतका कार्य अगाडी बढाउने र कार्यविधि निर्माणमा सहजीकरणका लागि तपशिल बमोजिमको सहजीकरण समिति गठन गर्ने निर्णय गरियो।

तपसिल

१.संयोजक श्री दिपक चौधरी - वडा अध्यक्ष वडा नं.२
२.सदस्य श्री वलवीर चौधरी-वडा अध्यक्ष वडा नं.५
३.सदस्य सचिव श्री श्यामराज पाण्डेय- पशुसेवा शाखा

प्रमाणित

प्रमुख प्रशासकीय अधिकृत

टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय टीकापुर, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

रामलाल डगौरा थारु
नगर प्रमुख

Scanned with CamScanner

प्रस्ताव नं.४ योजना संशोधन सम्बन्धमा ।

निर्णय नं.४ प्रस्ताव नं.४ माथि छलफल गर्दा आगामी नगर सभाबाट अनुमोदन तथा समर्थन हुने गरी क्षेत्रगत आयोजना तथा कार्यक्रमहरुको प्रगति समिक्षाको आधारमा तपशिल बमोजिम आयोजना तथा कार्यक्रमहरु संशोधन गर्ने र कार्यान्वयन गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.स. | साविक आयोजना तथा कार्यक्रम | साविक विनियोजित रकम रु. | क्र.स. | संशोधित आयोजना तथा कार्यक्रम | आयोजना स्थल | विनियोजन रकम | कै |
|---|---|---|---|---|---|---|---|
| १ | वडा भित्रका विभिन्न वाटोमा माटो पटानी तथा ग्राभेल | ७,९२,४००।९० | १ | कालिमाटी चोक पुग्ने वाटोमा माटो पटानी तथा सुर्यपुर टेक वहादुर साउदको घर देखि सुरत साउदको घर सम्मको वाटो माटो पटानी तथा ग्राभेल | टीकापुर-८ | ७,९२,४००।९० | |
| २ | सानो घिया, ठुलो घिया,कटानपुर, शंकरपुर, रामपुर र वेलुवा जाने वाटोमा खाल्डा खुल्डी पुर्ने कार्य | २,५०,०००।- | २ | सानो घिया, ठुलो घिया,कटानपुर, शंकरपुर, रामपुर र वेलुवा जाने वाटोमा खाल्डा खुल्डी पुर्ने कार्य | टीकापुर-३ | १,५०,०००।- | |
| | | | ३ | जनप्रतिनिधि, कर्मचारी, टोल विकास संस्थाका पदाधिकारी, महिला स्वास्थ्य स्वयम सेवीकाहरुको अवलोकन भ्रमण | टीकापुर-३ | १,००,०००।- | |
| ३ | अति विपन्न वालवालिकालाई छात्रवृति | ५०,०००।- | ४ | वडा कार्यालय तथा SEE का छात्र/छात्राहरुलाई साइकल वितरण | टीकापुर-९ | ५०,०००।- | |
| ४ | सिकलसेल अस्पताल संचालन तथा व्यवस्थापन | ४०,००,०००।- | ५ | शहरी स्वास्थ्य प्रवर्धन केन्द्र सम्मको सडक तथा अन्य पूर्वाधार निर्माण | टीकापुर-१ | १९,७५,०००।- | |
| | | | ६ | शहरी स्वास्थ्य प्रवर्धन तथा सिकलसेल केन्द्रको व्यवस्थापन खर्च | टीकापुर-१ | २०,२५,०००।- | |
| ५ | सबैको पहुचयुक्त सितापुर खुशिराम चौधरिको घर देखि गौशाला जाने बाटो स्तरोन्नति | ९,००,०००।- | ७ | सबैको पहुचयुक्त सितापुर जनजागृति मा.बि अगाडी रहेको झरन (गौशाला जाने बाटो) मा पक्की वाल तथा नाला निर्माण | टीकापुर-२ | ९,००,०००।- | |
| ६ | गुलाब फुलका बोट बिरुवा खरिद | १०,००,०००।- | ८ | गुलाबका बोटबिरुवा, मल, विषादी खरिद | टीकापुर १-९ | १०,००,०००।- | |
| ७ | आधुनिक खेतिमा जोडदिन किसानलाइ प्राविधिक तालिम | ५,००,०००।- | ९ | कार्यालयको लागि सरसफाइ उपकरण खरिद | टीकापुर १-९ | १,००,०००।- | |
| | | | १० | कार्यालयको लागि भाडाकुडा खरिद | टीकापुर १-९ | १,००,०००।- | |

प्रमुख प्रशासकीय अधिकृत

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली

रामलाल डगौरा थारु
नगर प्रमुख

Scanned with CamScanner

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | संचालन | | ११ | सरसफाइ सामाग्री खरिद | टीकापुर १-९ | १,००,०००।- | |
| | | | १२ | गेस्ट हाउसमा फर्निचर तथा विद्युतिय उपकरण खरिद | टीकापुर १-९ | १,००,०००।- | |
| | | | १३ | नेपाल स्काउट टीकापुर द्वारा स्काउट क्रियाकलाप तथा क्याम्प फायर कार्यक्रम | टीकापुर १ | ५०,०००।- | |
| | | | १४ | डल्फिन जलचर तथा जैविक विविधता संरक्षण सम्बन्धि कार्यशाला गोष्ठी | टीकापुर १-९ | २५,०००।- | |
| | | | १५ | कार्यालय परिसरमा रहेको क्यारी रंगरोघन कार्य | टीकापुर १-९ | २५,०००।- | |
| ८ | बिपन्न महिला तथा मुक्त कम्लहरीहरुलाइ अयआर्जन मुलक तालिम संचालन | ५,००,०००।- | १६ | गुलाबको शहर (रोज सिटी) अभियान सफल पार्न तथा बृक्षारोपण गरि सो को संरक्षरणका लागि जनशक्ती परिचालन व्यवस्थापन खर्च | | ५,००,०००।- | |
| ९ | मंगलदिप प्रतिष्ठानको पूर्वाधार निर्माण | २०,००,०००।- | १७ | जमरा पुल देखि बसपार्क सम्मको सडकको दुबै तर्फको क्यारीमा थोपा सिचाइ तथा रेनपाइप प्रविधि जडान | | १०,००,०००।- | |
| | | | १८ | जमरा कुलाको दांया बांया बेल्ड सरसफाइ सहित शौन्दर्यकरण कार्य | | १०,००,०००।- | |
| १० | बलभद्र चोक र सिद्यार्थ चोक लगायतका चोकहरुमा माटो पटानी सहित इटा विछयाउने कार्य | ६,००,०००।- | १९ | उधोग वाणिज्य संघ देखि उत्तर वनगाउ जाने कुलाको दांया बांया बेल्ड सरसफाइ सहित शौन्दर्यकरण कार्य | | ५०००००।- | |
| | | | | बजार क्षेत्रका रुख तथा अन्य स्थानमा रंगरोघन कार्य | | १,००,०००।- | |
| ११ | किसानको खेतखेतमा विद्धुत लाइन विस्तार | ५,००,०००।- | २० | विरेन्द्र विश्राम बाटीका भवनमा सि.सि.क्यामेरा खरिद तथा जडान कार्य | | ३,००,०००।- | |
| | | | २१ | श्री राष्टिय मा.वि. मनिकापुरमा सरस्वती मन्दिर निर्माण | टीकापुर-५ | २,००,०००।- | |
| १२ | बालबालिकाको वार्ड प्रोफाइल तथा लगानी योजना निर्माण कार्यक्रम | ६,००,०००।- | २२ | GEDSI AUDIT कार्यक्रम | टीकापुर | १,००,०००।- | |
| १३ | नवप्रर्वद्धन कृषि कार्यक्रम | १५,००,०००। | २३ | गुलाबको शहर (रोज सिटी) अभियान सफल पार्न तथा बृक्षारोपण गरि सो को | | ५,००,०००।- | |

प्रमुख प्रशासकीय अधिकृत

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश

रामलल डगौरा थारु
नगर प्रमुख

Scanned with CamScanner

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | संरक्षणका लागि परामर्श सेवा | | | |
| | | | २४ | टीकापुर बसपार्क यूवा क्लबद्धारा ब्यटमिन्टन प्रतियोगित संचालन | | १,५०,०००।- | |
| | | | २५ | घर दैलो कृषि प्राविधिक सेवा कार्यक्रम | | ८,००,०००।- | |
| १४ | नवप्रर्वद्धन कृषि कार्यक्रम | | २६ | सवारी साधन तथा मेशिनरी साधन भाडा | | ५०,०००।- | |

प्रस्ताव नं.५ तराई मधेस समृद्धि कार्यक्रमको आयोजना छनौट सम्बन्धमा ।

निर्णय नं.५ प्रस्ताव नं.५ माथि छलफल गर्दा तराई मधेश समृद्धि कार्यक्रम, केन्द्रिय समन्वय इकाई, सिंहदरबार, काठमाडौंको मिति २०८०/०९/२९ मा प्रकाशित सूचना बमोजीम तराई मधेश समृद्धि कार्यक्रमतर्फ आगामी आ.व.२०८२/०८३ का लागि यस नगरपालिकाको प्राथमिकतामा परेको तपशिल बमोजीमको आयोजना छनौट गरी सम्बन्धीत निकायमा स्विकृतिका लागि पेश गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | आयोजनको नाम | आयोजना स्थल | अनुमानित लागत रकम रु. | नगरपालिकाको लागत साझेदारी (म्याचिगं ) रकम रु. | तराई मधेब समृद्धि कार्यक्रम अनुदान रकम रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| | खक्रौला सडक देखि पश्चिम खाद्य गोदाम हुंदैं जानकी गांउपालिका जोडने सडक कालोपत्रे निर्माण आयोजना | टीकापुर-१ | २००००००० ।- | ६००००००।- | १४००००००।- | |
| | | | | | | |

प्रस्ताव नं.६ सङ्घीय बिशेष अनुदान कार्यक्रमको आयोजना क्रमागत रुपमा बजेट बिनियोजन गर्ने सम्बन्धमा ।

निर्णय नं.६ प्रस्ताव नं.६माथि छलफल मिति २०७९ साल पौष २१ गते बसेको आठौ (८/०७९-८४) कार्यपालिका बैठकको निर्णय नं. १(क) बमोजीम छनौट भई श्री राष्ट्रिय योजना आयोग सिंहदरबार काठमाडौंबाट बिशेष अनुदान कार्यक्रम अन्तर्गत आ.व.२०८०/०८१ र २०८१/०८२ मा बजेट विनियोजन भएकोमा आगामी आर्थिक बर्ष २०८२/०८३ मा समेत तपसिलमा उल्लेखित आयोजनामा क्रमागत रुपमा बजेट विनियोजन गरि निरन्तरता प्रदान गरि दिन श्री राष्ट्रिय योजना आयोग सिंहदरबार काठमाडौंलाई अनुरोध गर्ने निर्णय गरियो ।

| क.सं. | आयोजनको नाम | आयोजना स्थल | कैफियत |
|---|---|---|---|
| १. | आवास कार्यक्रम( दलित तथा जनजाती बस्ती ) | टीकापुर -७ र ८ ,प्रतिपुर र बनगाउ | आर्थिक रुपले पिछडीएको बस्ती |

प्रस्ताब नं.७ बहुवर्षिय आयोजना सम्बन्धमा ।

निर्णय नं.७ प्रस्ताब नं ७ माथी छलफल गर्दा टीकापुर नगरपालिका वडा नं. १ स्थित कैलाशेश्वर शिव मन्दिर भवन जिर्ण तथा छानो (गजुर) भत्किने अवस्थामा रहेको कारण उक्त मन्दिर तत्काल निर्माण गर्न आवश्यक देखिएको हुंदा मन्दिर निर्माण गर्न चालु आ.व. २०८१/०८२ मा रु.८ लाख बजेट विनियोजन भएको र उक्त रकम मन्दिर निर्माण गर्न अपुग हुने देखिएकोले र थप रकम रु.२,४७,००,०००।०० आवश्यक पर्ने र उक्त

प्रमुख प्रशासकीय अधिकृत

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश

रमेशलाल डगौरा थारु
नगर प्रमुख

Scanned with CamScanner

अपुग रकम मध्ये रु.५१ लाख कैलाशेश्वर शिव मन्दिर व्यवस्थापन समितिबाट व्यहोरिने र बांकी रकम यस नगरपालिकाको आगामी आ.व.२०८२/०८३ को बजेटबाट सुनिश्चित हने गरी आगामी नगर सभाबाट अनुमोदन हुने गरी बहुबर्षिय ठेक्का प्रक्रिया अगाडी बढाउने निर्णय गरियो।

| क्र.सं. | आयोजनको नाम तथा आयोजना स्थल | कुल बिनियोजन बजेट रु. | कैलाशेश्वर शिव मन्दिर व्यवस्थापन समितिबाट टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालयमा लागत साझेदारी बापत जम्मा हुने रकम रु. | टीकापुर नगरपालिकाबाट विनियोजीत बजेट रकम रु. | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | आ.व. २०८१/०८२ | आ.व. २०८२/०८३ | |
| १. | कैलाशेश्वर शिव मन्दिर निर्माण आयोजना, टीकापुर नगरपालिका वडा नं.१, टीकापुर, कैलाली | २५५०००००।- | ५१०००००।- | ५९०००००।- | १९६०००००।- | आ.व. २०८१/०८२ मा टीकापुर नगरपालिकाको रु.८ लाख र कैलाशेश्वर शिव मन्दिर व्य. समिति बाट रु. ५१ लाख गरी जम्म रु. ५९ लाख बजेट रकम |

प्रस्ताव नं.८ रंगरोगन सम्बन्धमा।

निर्णय नं.८ प्रस्ताव नं. ८ माथी छलफल गर्दा टीकापुर नगरको राशि सिंह रहेकोले सिंह राशिलाई लाभ हुने रातो रंग मानिएको हुनाले यस नगर क्षेत्र भित्रका सार्वजनिक स्थान (प्रचलित कानूनले तोके वाहेका) बाटोको वरिपरीका क्षेत्र तथा सडक तर्फका नीजी घरहरुको अगाडीको भागमा समेत हल्का रातो रंगले रंगरोगन गरि दिन सम्पुर्ण नगर वासीमा अनुरोध गर्ने निर्णय गरियो।

प्रस्ताव नं.९ वृक्षारोपण क्षेत्रमा गोडमेल तथा संरक्षण गर्ने सम्बन्धमा।

निर्णय नं.९ प्रस्ताव नं.९ माथी छलफल गर्दा यस नगरपालिकाको गुलाबको शहर निर्माण गर्ने अभियान लगायत टीकापुर नगर क्षेत्रमा गुलाब फुलका वोट विरुवा एवं अन्य बृक्षारोपणको गोडमेल, संरक्षण तथा मलजल गर्ने कार्यका लागि आ-आफ्नो वाटो क्षेत्रको जिम्मा लिई गुलाबको शहर निर्माण गर्ने अभियानमा सहभागी भै दिन सम्पुर्ण गर वासीमा अपिल गर्ने निर्णय गरियो।

प्रस्ताव नं.१० आयोजनाको सम्झौता अवधि म्याद थप र थप धरौटी लिने सम्बन्धमा।

निर्णय नं.१० प्रस्ताव नं.१० माथि छलफल गर्दा यस नगरपालिकाको वडा नं.७ स्थित सत्ती खेलकुद मैदानमा व्याटमिन्टन हल भवन निर्माण आयोजनाको सम्झौता अवधि म्याद थपको सम्बन्धमा आगामी कार्यपालिका बैठकमा थप अध्ययन गरि पेश गर्ने निर्णय गिरयो।

प्रस्ताव नं.११ ठेक्का रकम बचत सम्बन्धमा।

प्रमुख प्रशासकीय अधिकृत

टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय कैलाली

रामलाल डगौरा थारु
नगर प्रमुख

Scanned with CamScanner

निर्णय नं.११ प्रस्ताव नं.११ माथि छलफल गर्दा टीकापुर नगरपालिकाको लागि संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम अन्तर्गत केन्द्रबाट छनौट भएका नमूना बिद्यालय तथा बिशेष बिद्यालयको भवन निर्माण तथा पूर्वाधार व्यवस्थापन अनुदान शिर्षकमा विनियोजन बजेटबाट ठेक्का लगाउदा बचत हुन आएको रकमबाट नमुना बिद्यालयहरुको गुरुयोजना बमोजीम सोही योजनामा खर्च गर्ने गरी श्री कर्णाली मा.बि. टीकापुर-१ को मिति २०८१/१०/२९ गते बसेको बिद्यालय व्यवस्थापन समितिको निर्णय नं.९ बमोजीम अनुरोध भै आएकोले तपसिल बमोजीमको योजना रकम खर्च गर्ने निर्णय गरियो ।

| क्र.सं. | आयोजनको नाम तथा आयोजना स्थल | ठेक्का नं. | बिनियोजन बजेट रु. | ठेक्का कबोल रकम रु. | बचत रकम रु. | बचत रकमबाट विनियोजीत | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | आयोजनको नाम तथा आयोजना स्थल | बिनियोजन रकम रु. | |
| १. | कर्णाली माध्यामिक बिद्यालयको प्रशासनिक भवन तथा प्रयोगशाला भवनको (पहिलो र दोस्रो तल्ला भवन ) निर्माण कार्य,टिकापुर नगरपालिका वडा नं.१,ब्लक नं.११,टीकापुर,कैलाली । | TMO/NCB/22/BUILD./2081/082 | १००००००० | ६५३९४५३.६५ | ३४६०५४६.३५ | कर्णाली माध्यामिक बिद्यालयको परिसरमा बहुउद्धेश्यीय हल निर्माण,टिकापुर नगरपालिका वडा नं.१,ब्लक नं.११,टीकापुर, कैलाली । | ३४६०५४६.३५ | |

प्रस्ताव नं.१२ अनुगमन तथा सुपरिवेक्षण समितिको सदस्य सम्बन्धमा ।

निर्णय नं.१२ प्रस्ताव नं.१२ माथि छलफल गर्दा टीकापुर नगरपालिकाको अनुगमन तथा सुपरिवेक्षण कार्यविधि,२०७५ को दफा ५ को खण्ड (क) बमोजिम गठित नगरपालिका स्तरीय योजना अनुगमन तथा सुपरिवेक्षण समितिमा यस पुर्व मिति २०७९।०२।२३ गते बसेको पहिलो (१/०७९-८४) नगर कार्यापालिका बैठकवाट अनुमोदित योजना अनुगमन तथा सुपरिवेक्षण समितिका सदस्यलाई फिर्ता वोलाई अनुगमन तथा सुपरिवेक्षण कार्यलाई थप प्रभावकारीता ल्याउन देहाय बमोजिमका एक जना महिला सहित २ जना नगर कार्यापालिका सदस्यहरुलाई अनुगमन तथा सुपरिवेक्षण समितिमा पठाउने निर्णय गरियो ।

तपशिल

१.श्री लौटन चौधरी, वडा अध्यक्ष वडा नं.९

२.श्री कैलासपति चौधरी, कार्यापालिका सदस्य

प्रस्ताव नं.१३ टीकापुर न.पा.वडा नं.२ को वाटो निर्माण सम्बन्धमा ।

निर्णय नं.१३ प्रस्ताव नं.१३ माथि छलफल गर्दा टीकापुर नगरपालिका वडा नं.२ स्थित मिलन चोक देखि कर्णाली नदी सनकट्टी घाट निर्माणाधिन पक्की पुल हुदै लुम्बिनि प्रदेश गेरुवा गाउपालिका जोड्ने सडक सितल सामुदायीक वन र राजी कर्णाली वन क्षेत्र भित्रको वाटो परम्परा काल देखि हाल सम्म निरन्तर सञ्चालनमा आई रहेकोले उक्त सडक २० मिटर चौडाई रहेको साथै वाटोको दाँया वाँया कुनै रुख वोट विरुवा नमासिने हुदा सो वाटो निर्माण गरि दिन सम्बन्धित निकायमा अनुरोध गरि पठाउने निर्णय गरियो ।

प्रस्ताव नं.१४ सङ्घीय समपुरक अनुदान कार्यक्रमको आयोजना छनौट सम्बन्धमा ।

निर्णय नं.१४ प्रस्ताव नं.१४ माथि छलफल गर्दा राष्ट्रिय योजना आयोग, सिंहदरबार, काठमाडौंको मिति २०८१/१०/१६ मा प्रकाशित सूचना बमोजीम सङ्घीय समपुरक अनुदान कार्यक्रम अन्तर्गत आ.व.२०८२/०८३ का लागि यस नगरपालिकाको प्राथमिकतामा परेका तपशिल बमोजीमका आयोजना/कार्यक्रम छनौट तथा प्राथमिकता निर्धारण गरी राष्ट्रिय योजना आयोगमा पेश गर्ने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय टीकापुर, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

रामलाल डगौरा थारु
नगर प्रमुख

Scanned with CamScanner

तपशिल :-

| क्र.सं. | आयोजनको नाम | आयोजना स्थल | अनुमानित लागत रकम रु. | नगरपालिकाको म्याचिंग रकम रु. | नेपाल सरकार अनुदान रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | वडा नं.१ बनगौंउ दक्षिण पुरवा देखि वडा नं.४ जोड्न अधुरो वाटो कालो पत्रे योजना | टीका पुर-१ | ४,००,००,०००।- | २,४०,००,०००।- | १,६०,००,०००।- | |
| २. | जानकी गा.पा.को सिमाना देखि सानो घिया हुदै जाशीपुर जोड्ने वाणी घाट जाने वाटो कालो पत्रे योजना | टीकापुर -३ | ४,००,००,०००।- | २,४०,००,०००।- | १,६०,००,०००।- | |
| ३. | वडा नं.४ वाघमार स्कुल देखि ज्ञानी टोल हुदै वडा नं.३ पुछरी गाउँ सम्मको सडक कालोपत्रे निर्माण आयोजना | टीकापुर-४ | ५,००,००,०००।- | ३,००,००,०००।- | २,००,००,०००।- | |

प्रस्ताव नं.१५ सङ्घीय बिशेष अनुदान कार्यक्रमको आयोजना छनौट सम्बन्धमा।

निर्णय नं.१५ प्रस्ताव नं.१५ माथी छलफल गर्दा राष्ट्रिय योजना आयोग सिंहदरबार काठमाडौंको मिति २०८१/१०/१६ मा प्रकाशित सूचना बमोजीम सङ्घीय बिशेष अनुदान कार्यक्रम अन्तर्गत आ.व.२०८२/०८३ का लागि यस नगरपालिकाको प्राथमिकतामा परेका तपशिल बमोजीमका आयोजना/कार्यक्रम छनौट तथा प्राथमिकता निर्धारण गरी राष्ट्रिय योजना आयोगमा पेश गर्ने निर्णय गरियो।

तपशिल

| क्र.सं. | आयोजनको नाम | आयोजना स्थल | अनुमानित लागत रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १. | आवास कार्यक्रम (दलित तथा जनजाती बस्ती) | टीकापुर- ७ र ८ | ३,००,००,०००।- | प्रतिपुर र बनगौंउ |
| २. | आवास कार्यक्रम (मुक्त कमैया, जनजाती र दलित बस्ती) | टीकापुर- ५ | ३,००,००,०००।- | |
| ३. | आवास कार्यक्रम (मुक्त कमैया र दलित बस्ती) | टीकापुर - ९ | ३,००,००,०००।- | |

प्रमुख प्रशासकीय अधिकृत

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

रामलाल डगौरा थारु
नगर प्रमुख

Scanned with CamScanner